Total No. of Printed Pages—8

**HS/XII/A/n/18**

# 2018

## NEPALI ( ELECTIVE )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिएका वैकल्पिक उत्तरमध्ये सही विकल्प छानेर लेख : 1×10=10

(क) ‘मसान’ नाटक कस्तो नाटक हो?

*(i)* पौराणिक

*(ii)* काल्पनिक

*(iii)* ऐतिहासिक

*(iv)* सामाजिक

(ख) "पोइलाई मन परेको तेल जुन दिन पनि हाल्नु हुन्छ।" —यो वाक्य कसले भनेको हो?

*(i)* कृष्ण

*(ii)* युवती

*(iii)* दुलही

*(iv)* वाग्मती

(ग) 'मसान' नाटकमा कहाँको दृश्य छ?

*(i)* काठमाडौँ

*(ii)* पोखरा

*(iii)* आसाम

*(iv)* शिलाङ

(घ) भोटु को हो?

*(i)* नोकर

*(ii)* पोष्यपुत्र

*(iii)* विद्यार्थी

*(iv)* छिमेकी

(ङ) कृष्णको कारण कसको मृत्यु भएको छ?

*(i)* कृष्णकी आमाको

*(ii)* युवतीको

*(iii)* कृष्णकी बहिनीको

*(iv)* दुलहीको

(च) झुमावती कति वर्षकी थिई?

*(i)* 14 वर्षकी

*(ii)* 15 वर्षकी

*(iii)* 16 वर्षकी

*(iv)* 17 वर्षकी

(छ) बैदारले धनेलाई कस्तो दरको ब्याजमा भैंसी दियो?

*(i)* निःशुल्क

*(ii)* सस्तो

*(iii)* मध्यम

*(iv)* चर्को

(ज) दुई सातामा एकपल्ट लाग्ने हाट कुन वारमा लाग्ने गर्थ्यो?

*(i)* आइतवार

*(ii)* सोमवार

*(iii)* मङ्गलवार

*(iv)* बुधवार

(झ) दोस्रो भेटमा रिकुटेले झुमालाई के उपहार दियो?

*(i)* मजेत्रो

*(ii)* गुन्यू

*(iii)* खास्टो

*(iv)* डोरी

(ञ) झुमा के गाउँन सिपाल्नी थिईं?

*(i)* झ्याउरे

*(ii)* दोहरी

*(iii)* सङ्गिनी

*(iv)* मालश्री

**2.** कोष्ठभित्र दिएका सही शब्द छानेर रिक्त ठाउँ भर : 1×5=5

(क) मायामा सुकेको ______ बेश, स्याहारमा झुम्रो भएको ______ बेश। (रगत, मासु)

(ख) हाम्रो यो ______ बाहेक अन्त कहीँ पनि ______ छैन। (गति, घरमा)

(ग) त्यो बालकले ______ त हामी ______ पनि सक्तैनौँ। (रोएजति, गाउँन)

(घ) आफ्नै छेउमा ______-लाई पाएर ______को मन उडिरहेको थियो।
(झुमा, रिकुटे)

(ङ) आफूभन्दा ______-लाई झुन्डाएर ______ गर्ने उसको प्रकृति थियो।
(अट्टहास, निर्धो)

**3.** सत्य भनाइमा 'हो' र असत्य भनाइमा 'होइन' लेख : 1×5=5

(क) 'मसान' भनेको पूजा गर्ने ठाउँ हो।

(ख) वाग्मती कृष्णकी जेठी स्वास्नी हो।

(ग) धनेको पूरा नाम धनबहादुर बस्नेत हो।

(घ) झुमाको उद्धार रिकुटेले गर्‍यो।

(ङ) मोटे कार्की एउटा असल व्यक्ति थियो।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूको *4*/*5* वाक्यमा उत्तर लेख : 3×5=15

(क) धनेले कसबाट अनि कसरी भैंसी ल्यायो?

(ख) दोबाटे साहिँलो कस्तो स्वभावको मान्छे थियो?

(ग) धनेको आर्थिक स्थिति कस्तो थियो?

(घ) रागेभीर के हो? झुमा त्यहाँ किन गएकी हुन्छे?

(ङ) 'मसान' नाटकमा कृष्णले किन दोस्रो बिहे गर्न चाहेको थिएन?

(च) दुलहीको कसरी मृत्यु भयो?

(छ) युवतीले कसरी आफूमाथि भएको धोकाको चाल पाउँछे?

**5.** (क) रस कति प्रकारका छन्? ती के-के हुन्? 3

(ख) अलङ्कार भनेको के हो? कति प्रकारका छन्? ती के-के हुन्? 3

(ग) वाच्य परिवर्तन गर : 3

*(i)* रामले भकुण्डो खेल्यो।

*(ii)* केशरबाट कलम भेटियो।

*(iii)* भाइ चाँडै सुत्ने छ।

(घ) छन्द भनेको के हो? कुनै एक छन्दको उदाहरण देऊ। 3

(ङ) करण, अपादान र सम्बन्ध कारक लागेका एक-एकवटा वाक्य बनाऊ। 3

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर : 5×2=10

(क) ''दैवलीला पनि कस्तो बुझिनसक्नु, धनकङ्गाल भए पनि राजा महाराजाले नपाउने स्वास्नी मलाई भगवानले दिएका छन्। तँजस्ती जोई पाउने गरिब भए पनि म भाग्यमान् हुँ।''

**अथवा**

''त्यसको धन्दा नमान। म सधैँको एकलो मान्छे। मेरो घरमा सधैँ साँचो लागिराको हुन्छ। कसैले निन्दै गर्ने होइन। हामी दुइटा सँगै गयौँ भन्ने शङ्कै हुन पाउँदैन। हिजो एउटा आसामीले पैसा बुझाएकोले यस बेला हात खाली पनि छैन।''

(ख) हैन हैन, बरु म पन्छिदिन्छु। म माइत गएको गयै हुन्छु, फर्किन्नँ। हैन तपाईँ जसो भन्नुहुन्छ, उसो गर्छु। तर त्यसलाई त्यसो गर्न भने हुन्न। त्यसो नगर्नोस् बिन्ती। बरु ठहरै मारिदिनु बेश।

**अथवा**

धाई राख्ने भन्या त हजूरको जीउले दिंदैन कि भनेर न हो। बिरामी मानिसले दूध खुवाएर साद्धे हुन्छ र? पहिलेको जस्तो जरो रहिरहेको भए हजूरले खुवाउँछु मात्र भनेर हुन्थ्यो र?

**7.** 'मसान' नाटककी नायिका युवतीको चरित्र चित्रण गर। 8

**अथवा**

'मसान' नाटकको कथावस्तु सङ्क्षेपमा लेख।

**8.** 'बसाइँ' उपन्यासकी पात्रा झुमाको चरित्र चित्रण गर। 8

**अथवा**

धनेको परिवारले बसाइँ सार्नुपरेको कारण के हो? बुझाएर लेख।

**9.** तलको कुनै **एउटा** विषयमाथि निबन्ध लेख : 10

(क) देश रक्षा

(ख) परिश्रमको महत्त्व

(ग) चरित्र बल

(घ) मातृभाषा

(ङ) व्यायामको लाभ

**10.** शीर्षकसहित यस अनुच्छेदको सारांश लेख : 9

हाम्रो सबैभन्दा प्यारो, सुपरिचित वाद्ययन्त्र हो मादल। यो हाम्रो संस्कृतिको अभिन्न अङ्ग हो, पहिचान हो, हाम्रो जातीय परिचय हो, चिन्हारी हो। यतिमात्र होइन, यो हाम्रो सिङ्गै अस्तित्व हो। संसारमा मादल नाउँको वाद्ययन्त्र नेपालीले मात्र बजाउँछ। ढोल, ढोलकी आदि यस्ता अरूअरू बाजाहरू आ-आफ्नै पाराले बज्छन् होला, तर मादल 'धिन्ताङ्' गरेरै बज्छ। हाम्रा कतिपय झ्याउरे लयका गीतहरूमा त मुरली र मादलले मात्र ठाउँ पाउँदछन्। काठको ढाँचामाथि छाला मोरेर बनाएको दाइनेतिर केही साँगुरो भई देब्रेतिर फुक्दै गएर मुख केही ठूलो भएको यो बाजामा दुवैतिर खरी लगाएको हुन्छ। हाम्रा चाड-बाडमा, रोदीघरमा, मेला-पर्वमा औ विभिन्न लोकगीत तथा नृत्य प्रदर्शन गर्ने मञ्चहरूमा मादलको आवश्यकता हुन्छ। मादल बिना हाम्रा लोकगीत तथा नृत्यहरू फिका हुन्छन्।

**11.** समाजमा बढ्दै गइरहेको असुरक्षाको सम्बन्धमा आफ्नो विचार प्रकट गर्दै छात्रावासमा बस्ने तिम्री बहिनीलाई एउटा पत्र लेख। 5

★★★